# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम प्रकाशित गरिएको विवरण




(२०८१ माघ - चैत्र)

## आन्तरिक मामिला तथा कानून मन्त्रालय,

### कोशी  प्रदेश, विराटनगर

## १. आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्वरूप र प्रकृतिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश, विराटनगर, प्रदेश सरकारको नीति निर्माण एवम् कार्यान्वयन गर्ने निकाय हो। नेपालको संविधानको अनुसूची ६ मा रहेको प्रदेश सरकारको अधिकारको सूचीबमोजिम यस मन्त्रालयले मूख्यत शान्ति सुरक्षा, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरो, बिपद् व्यवस्थापन, द्वन्द ब्यवस्थापन, कानून, न्याय, सञ्चार, यातायात तथा प्रदेश सभा मामिला र प्रदेश कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्दछ । प्रदेश सरकारका कामकारवाहीलाई सुव्यवस्थित र प्रभावकारी वनाउन शान्ति सुरक्षा साथै ऐन-कानूनको मस्यौदा तयार गर्ने, विभिन्न मन्त्रालयबाट राय माग भई आएका विषयमा सहमति प्रदान गर्ने लगायतका काम यस मन्त्रालयबाट सम्पादन हुँदै आएको छ । यसका अतिरिक्त प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ तथा कार्य सम्पादन नियमावली, २०७९ ले प्रदान गरेको अन्य जिम्मेवारीसमेत सम्पादन गर्दै आएको छ ।

## २. आन्तरिक मामिला तथा कानून मन्त्रालयको काम, कर्तव्य र अधिकारः

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ का अनुसारआन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्य जिम्मेवारी यस प्रकार रहेको छः-

१. प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति,कानून र योजना तर्जुमा तथा कार्यान्वयन,नियमन,सूचना सङ्कलन,मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य,
२. अतिविशिष्ट व्यक्ति,महत्वपूर्ण भौतिक संरचना,संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,
३. संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क,सम्बन्ध,सूचना आदान प्रदान र समन्वय,
४. संघीय कानूनबमोजिम प्रदेश प्रहरी सञ्चालन,व्यवस्थापन र नियमन,
५. प्रदेशभित्रको अपराध अनुसन्धान,सूचना सङ्कलन,रोकथाम,नियन्त्रण तथा समन्वय,
६. लागू औषध तथा मानव बेचविखन नियन्त्रण,
७. लागू औषध दुर्व्यसनी र मानव बेचविखनमा परेकाको उपचार र पुनर्स्थापना,
८. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन,विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,
९. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षार एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त,थुनुवा वा कैदीको स्थानान्तरणसम्बन्धी,
१०. सामुदायिक प्रहरी,
११. प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,
१२. विवाद व्यवस्थापन,
१३. संघीय मापदण्डबमोजिम हातहतियार,खरखजाना तथा विष्फोटक पदार्थको नियमन,
१४. निवारक नजरबन्द र स्थानहदसम्बन्धी,
१५. अन्तरप्रदेश सुरक्षा, यातायात, आपूर्ति समन्वय र सम्बन्ध,

१६. स्थानीय प्रशासनसँग समन्वय, सञ्चालन रव्यवस्थापन,

१७. विपद् व्यवस्थापन,जोखिम न्यूनीकरण,विपद् प्रतिकार्य,प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन,जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय, सहकार्य र सहयोग,

१८. विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन तथा अनुसन्धान,

१९. विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरणका लागि सम्बन्धित मन्त्रालयसँग समन्वय र सहकार्य,

२०. विपद् पूर्वसूचना प्रणाली सञ्जाल व्यवस्थापन र कार्यान्वयन,

२१. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,

२२. प्रदेशस्तरमा सार्वजनिक बिदा,उत्सव, उर्दी आदिको व्यवस्थापन,

२३. प्रदेश सरकारको तर्फबाट गरिने सभा समारोहको व्यवस्थापन,

२४. अतिविशिष्ट तथा विशिष्ट व्यक्तिको लागि सवारी साधन तथा आवास व्यवस्थापन,

२५. प्रदेशस्तरमा दीगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना,

२६. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,

२७. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्तिसम्बन्धी,

२८. प्रदेशका विषयगत मन्त्रालयले मस्यौदा गरेको ऐन,नियम र गठन आदेशको तर्जुमा सुधार,

२९. अध्यादेशको तर्जुमा र सो सँग सम्बन्धित काम,

३०. प्रदेश कानून तर्जुमाका लागि राय तथा सहमति,

३१. प्रदेश कानूनको एकीकरण, संहिताकरणतथा अभिलेख व्यवस्थापन,

३२. प्रदेश कानूनको प्रकाशन तथा वितरण,

३३. प्रदेशका महत्वपूर्ण कानूनी लिखतहरुको अभिलेख व्यवस्थापन,

३४. प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन र प्रकाशनएवम् सबै सार्वजनिक निकायमा प्राप्त हुने गरी प्रदेश राजपत्रको वितरण व्यवस्थापन,

३५. संघबाट प्रकाशित नेपाल राजपत्रको प्राप्ति, अभिलेख र सबै प्रदेश मन्त्रालय र आयोगमा वितरण व्यवस्थापन,

३६. प्रदेश सरकारका मन्त्रालय र निकायबाट दातृनिकाय र नीजि क्षेत्रसँग हुने करार वा सम्झौताको मस्यौदा तर्जुमामा सहयोग र सो सम्बन्धी कानूनी राय,

३७. संघीय तथा प्रदेश कानूनको कार्यान्वयन,

३८. मन्त्रालय र प्रदेश कानून बमोजिम गठित आयोग, निकाय रप्राधिकरणलाई कानूनी राय,

३९. प्रदेश सरकारको हकहित सरोकार भएको मुद्दामा भएको फैसला र आदेशको अभिलेख व्यवस्थापन र कार्यान्वयन,

४०. न्यायिक निकायले गरेका फैसला कार्यान्वयनमा सहयोग र सहजिकरण,

४१. प्रदेश सभा सदस्य र अन्य पदाधिकारीको सेवा,सुविधा सम्बन्धी कानून तर्जुमा,

४२. प्रदेश सरकारको निर्णय बमोजिम प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने विषय,

४३. प्रदेश सभासँगको समन्वय,

४४. प्रदेशस्तरको यातायातसम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन,

४५. यातायात सम्बद्ध कार्यालयहरुको व्यवस्थापन सुधार सहित आधुनिक र विश्वसनीय प्रविधिको प्रयोग एवं व्यवस्थापन गरी प्रदेशमा नागरिकलाईझन्झटरहित, बिचौलियारहित, अनियमिततारहितर सुशासनको पूर्ण प्रत्याभूति सहित सवारी दर्ता र नवीकरण,सार्वजनिक यातायातको रुट अनुमति,चालक अनुमति र नवीकरण लगायत यातायात सम्बद्ध कार्य र सेवा प्रवाहको प्रभावकारी व्यवस्थापन,

४६. सवारी चालक अनुमती सम्बन्धी प्रत्येक ट्रायल परीक्षाको सीसी क्यामेरा वा भिडियो क्यामराको प्रयोगद्वारा भिडियो तयारी र सोको डिजिटल रेकर्डको व्यवस्थापन र परीक्षार्थीको फोटो सहितको पूर्ण डिजिटलयुक्त विवरण सहितको प्रतिवेदन र अनुगमन,

४७. प्रदेशभित्रसार्वजनिक यातायातकोमापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन,

४८. वातावरणमैत्री, अपाङ्गतामैत्री, जेष्ठ नागरिक मैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन तथा व्यवस्थापन,

४९. सवारी प्रदुषण अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

५०. सुरक्षित यातायात र सवारी प्रदुषण नियन्त्रणसम्बन्धी योजना निर्माण र कार्यान्वयन,

५१. प्रदेशस्तरको सूचना प्रविधि तथा विद्युतीय सञ्चार माध्यम सञ्चालनसम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन तथा अनुमति, इजाजत र नवीकरण, नियमन,

५२. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,

५३. प्रदेशभित्रसूचना प्रविधिको प्रवर्द्धन, टेलिसेन्टर र सूचना प्रविधि पार्कको निर्माण, व्यवस्थापन, सञ्चालन र नियमन,

५४. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण रअनुगमन,

५५. प्रदेश सरकार मातहतका निकायहरुमा सफ्टवेयरको प्रयोग र अन्तआवद्धता,सफ्टवेयरको मापदण्ड निर्धारण, सफ्टवेयरमा प्रविष्ट तथ्याङ्कको सुरक्षा र दुरुपयोग नियन्त्रणको प्रत्याभूति,

५६. साइवर सुरक्षा अनुगमन,

५७. छापासञ्चार माध्यमको दर्ता, अनुमति, अभिलेखाङ्कन, बर्गीकरण, आचार संहिता निर्धारण र अनुगमन,

५८. प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,

५९. श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,

६०. प्रदेशस्तरीय प्रेस रजिष्ट्रारसम्बन्धी,

६१. केबुल वितरणको इजाजत, नवीकरण र नियमन,

६२. चलचित्र निर्माण, सिनेमा हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन,

६३. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण, जग्गावा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा,कार्यान्वयन र नियमन,

६४. भूमी व्यवस्थापन, भू–उपयोग तथा चक्लाबन्दीसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,

६५. प्रदेश संरचना निर्माणका लागि संघ वा स्थानीय तहसँग समन्वय गरी उपयुक्त सरकारी वा सार्वजनिक जग्गाको खोजी र प्राप्ति गर्ने । साथै,सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन एवं स्थानीय प्रशासन तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा संरक्षण,

६६. संघीय सरकारबाट भूमि सम्बन्धी नक्सा, भौगोलिक सूचनार अभिलेख प्राप्त गर्ने विषय, प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन,

६७. नाप नक्साका नियन्त्रण विन्दूहरुको सञ्जाल स्थापना,

६८. क्रमबद्ध कित्ता नापी र भूमी लगतसम्बन्धी मापदण्ड र कार्यान्वयन,

६९. भूमिहीनकोजीविकोपार्जन र पुनःस्र्थापनासम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

७०. प्रदेशको स्वामित्वमा रहेको सरकारी जग्गा भाडामा दिनेवा उपयोग गर्ने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,


७१. गुठी तथा गुठीजग्गा व्यवस्थापनसम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी र गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन एवम्सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय,

७२. अन्य मन्त्रालयको कार्यक्षेत्रमा नपरेका बाँकी सम्पूर्ण विषयहरु ।

## ३. मन्त्रालयको संगठन संरचनाः

यस मन्त्रालयको विद्यमान स्वीकृत वर्तमान सांगठनिक संरचना अनुसार ५ वटा महाशाखा, १२ वटा शाखाहरु र ५९ जनाको दरवन्दी रहेका छ।

# आन्तरिक मामिला तथा कानून मन्त्रालयको संगठन संरचना र दरबन्दी विवरण



४. यस मन्त्रालयले प्रदान गर्ने सेवाहरु वुँदा नं. २ मा उल्लेख भएवमोजिम हुनेछ ।

५. यस मन्त्रालयबाट प्रदान गरिने सेवासम्वन्धी शाखा र जिम्मेवार अधिकारी निम्नअनुसार रहनु भएको छ।

## महाशाखा तथा शाखागत जिम्मेवार अधिकारी

१. प्रशासन तथा योजना महाशाखा: श्री कमल बहादुर थापा (उपसचिव)
२. यातायात व्यवस्था महाशाखाः श्री मानबहादुर देवकोटा (उपसचिव)
३. शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखाः श्री मानबहादुर देवकोटा/ श्री कमल बहादुर थापा (उपसचिव)
४. कानून तथा प्रदेश सभा मामिला महाशाखाः श्री भोजराज दाहाल (कानून उपसचिव)
५. सञ्चार तथा सूचना प्रविधि महाशाखाः श्री कमल बहादुर थापा/श्री चुडामणी लुईटेल (उपसचिव)
६. माननीय मन्त्रीज्यूको सचिवालय : श्री ...........................
७. प्रशासन तथा योजना शाखाः श्री सुभाष कार्की (वरिष्ठ शाखा अधिकृत)
८. प्रदेश सभा मामिला तथा प्रकाशन शाखाः श्री मञ्जु खड्का (कानून अधिकृत)
९. कानून तर्जुमा तथा फैसला कार्यान्वय शाखाः श्री सुनिल रेग्मी (कानून अधिकृत)
१०. विपद् व्यवस्थापन शाखाः श्री सदानन्द भट्टराई ( वरिष्ठ शाखा अधिकृत)
११. प्रहरी प्रशासन तथा अनुसन्धान शाखाः श्री प्रदीप सापकोटा (सहायक अधिकृत)
१२. शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन शाखाः श्री भीमा तिम्सिना (सहायक अधिकृत)
१३. सञ्चार तथा सूचना प्रविधि शाखाः श्री सौगात सम्वाहाम्फे (शाखा अधिकृत)
१४. भूमि व्यवस्थापन शाखाः श्री आदिप बस्नेत (सर्वेक्षक)
१५. यातायात व्यवस्था शाखाः श्री नारायण भण्डारी (शाखा अधिकृत)
१६. प्राविधिक शाखाः श्री बसन्त कुमार साह (ईन्जिनियर आठौं)
१७. आर्थिक प्रशासन शाखाः श्री भगवानमान श्रेष्ठ (वरिष्ठ लेखा अधिकृत)

## ६.आ.व. २०८१/०८२ माघ, फाल्गुण र चैत्र महिनामा यस मन्त्रालयबाट सम्पादित मुख्यमुख्य कार्यहरुः

## प्रशासन तथा योजना महाशाखा तर्फ

### प्रशासन तथा योजना शाखा

१. मन्त्रालय तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुको तहबृद्धि सम्बन्धी कार्य सम्पन्न गरेको।
२. प्रजातन्त्र दिवसका अवसरमा विभिन्न कार्यक्रम गरिएको।
३. विभिन्न मन्त्रालयहरुबाट माग भई आएका विवरणहरु तयार गरी पठाइएको।
४. प्रशासन तथा योजना सम्बन्धी नियमित कार्यहरु गरिएको।
५. सम्वत् २०८२ को लागि कोशी प्रदेश भरी लागू हुने सार्वजनिक बिदा सिफारिस गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट निर्णय हुनको लागि पठाइएको।

### भूमि व्यवस्थापन शाखा

| मिति | कार्य विवरण |
|---|---|
| माघ ३ गते | स्थानीय भूउपयोग परिषद् बाट स्वीकृत भएका भूउपयोपग वर्गिकरणसँग सम्बन्धित सम्पूर्ण विवरण, नक्सा लगायत माग गरी वर्गिकरण सच्याउनुपर्ने निवेदन भएमा सो समेत पेस गर्न कोशी प्रदेश स्थित सबै स्थानीय तहहरुलाई पत्राचार गरिएको |
| माघ २४ गते | प्रदेश सरकार,मन्त्रिपरिषद्को मिति २०८१।१०।०९ को निर्णय र यस मन्त्रालयबाट पेस गरिएको प्रस्ताव बमोजिम “श्री जनयुद्ध स्मृति प्रतिष्ठान नेपाल, बेलबारी-२, मोरङ” लाई जग्गा रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट दिन मालपोत कार्यालय, बेलबारी, मोरङलाई पत्राचार गरिएको |
| माघ २४ गते | आ.व. २०८१।८२ मा बजेट विनियोजन भएका मालपोत तथा नापी कार्यालयहरुलाई यहाँ मन्त्रालयका माननीय मन्त्रीज्यूको निर्णयानुसार बिनियोजित बजेट खर्चको ठोस योजनाको नाम र गरिने कार्यको विवरण पेश गर्नुहुन पत्राचार गरिएको |
| फाल्गुन १ गते | कोशी प्रदेश स्थित सम्पुर्ण मालपोत, नापी तथा विशेष नापी कार्यालयहरुसँग गरिने समीक्षा गोष्ठीको तयारी गर्नुहुन कार्यालयहरुलाई पत्राचार गरिएको |
| फाल्गुन ६ गते | माननीय मन्त्रीज्यू र श्रीमान् प्रदेश सचिवज्यूको समुपस्थितिमा मालपोत तथा नापी कार्यालयहरुसँग समीक्षा गोष्ठी कार्यक्रम सम्पन्न गरिएको |
| फाल्गुन २० गते | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौको पत्र बमोजिम भूमि व्यवस्था र सहकारी तथा गरिबी निवारण सम्बन्धी विषयगत समितिको तेस्रो बैठकको लागि मन्त्रालयको तर्फबाट बैठकमा राखिने एजेण्डाहरु पठाइएको |
| फाल्गुन २५ गते | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौंको आयोजना र प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेशमा व्यवस्थापनमा भूमि व्यवस्था र सहकारी तथा गरिवी निवारण सम्बन्धी विषयगत समितिको तेस्रो बैठक कोशी प्रदेश, विराटनगरमा |

| | |
|---|---|
| | आयोजना गरिएको |
| चैत्र ४ गते | साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड, विराटनगर, मोरङको जग्गा सम्बन्धमा मालपोत कार्यालय, सुनसरीलाई पत्राचार गरिएको |
| चैत्र ७ गते | भूमि व्यवस्था र सहकारी तथा गरिवी निवारन सम्बन्धी विषयगत समितिको तेस्रो बैठकको निर्णयहरुको मस्यौदामा मन्त्रालयगत राय उपलब्ध गराइएको |

## आर्थिक प्रशासन शाखा

### वार्षिक बजेट विनियोजन र हालसम्मको खर्चको अवस्था

| क्र. सं. | बजेट शीर्षक | विनियोजित | खर्चको स्थिति | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ३००२४१००० | ८२६७२५२८.३० | २७.५४ |
| २ | पुँजीगत | ५१२३३७६०० | ३२७१८६८३१ | ६३.८६ |
| ३ | वित्तीय हस्तान्तरण (स्थानीय तह) | | | |
| ४ | जम्मा | ८१२५७८६०० | ४०९८५९३५९.३० | ५०.४४ |

### क्षेत्रगत बजेट विनियोजन र हालसम्मको खर्चको स्थिति

| विषयगत/आयोजनागत क्षेत्र | बजेट विनियोजन | हालसम्मको खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|
| सूचना तथा सञ्चार प्रविधि कार्यक्रम | २६७०००००० | ७२५६११६ | २७.१८ | |
| कार्यक्रम खर्च तर्फ (शान्ति सुरक्षा/विपद् व्यवस्थापन/यातायात व्यवस्था/भूमि व्यवस्था) | २१०९००००० | ३९९५७८७७.७२ | १८.९५ | |

# सञ्चार तथा सूचना प्रविधि महाशाखा तर्फ

## सञ्चार शाखा/सूचना प्रविधि शाखा

| क्र. सं. | शिर्षक | रकम | खर्च रकम | विवरण | |
|---|---|---|---|---|---|
| १ | संचार माध्यमको सहयोगमा पर्यटन प्रवर्धन प्रचार प्रसार | २० लाख | २० लाख | सम्झौता भइ कार्यान्वयन | |
| २ | रेडियो ब्यबसायी, कर्मचारी र संवाददातासंग छमता विकास तथा अन्तरक्रिया कार्यक्रम | ८ लाख | ४ लाख ७१ हजार | राष्ट्रिय समाचार समिति तालिम सञ्चालन | |
| ३ | प्रदेश डायरी कार्यक्रम (रेडियो तथा टेलिभिजन) | ५० लाख | ४५ लाख | सम्झौता भई कार्यान्वयन | |
| ४ | संदेशमूलक सूचना प्रकाशन तथा प्रसारण | २० लाख | १० लाख | सम्झौता भई कार्यान्वयन | |
| ५ | सूचना तथा सञ्चार सम्बन्धी कानून, कार्यविधिहरु निर्माण | ७ लाख | | कानून शाखाबाट काम भैरहेको | |

## अन्य संस्थालाई सशर्त अनुदान

| शिर्षक | रकम | खर्च रकम | विवरण |
|---|---|---|---|
| १. जिल्ला पत्राकार महासंघहरुको क्षमता अभिवृद्धिका लागि अनुदान | ४० लाख | | निर्णयको चरणमा |
| २. प्रदेश पत्राकार महासंघहरुको छमता अभिवृद्धिका लागि अनुदान | १० लाख | ८ लाख | रकम निकासा |
| ३. सामुदायिक रेडियो प्रसारण संघको क्षमता विकासका लागि अनुदान | ५ लाख | | निर्णयको चरणमा |
| ४. नेपाल चलचित्रकर्मी महासंघ/नेपाल चलचित्र संघको छमता विकासका लागि अनुदान | १० लाख | १० लाख | रकम निकासा |
| ५. प्रदेश सरकार संघ संस्थागत अनुदान | ५ लाख | | |

| अन्य कार्यहरु |
|---|
| ➢ आम सञ्चार विधेयक प्रदेश सभामा दर्ता |
| ➢ रेडियो एफ एम तथा टेलिभिजनको नविकरण तथा रोयल्टी सम्बन्धी कार्य |
| ➢ रेडियो एफ एम तथा टेलिभिजनको अनुगमन |

# यातायात व्यवस्था महाशाखा तर्फ

## प्राविधिक शाखा

१) ९ वटा ड्राईभिङ्ग सेन्टको नवीकरण वापत रू    ४९०००/-

२) २ वटा ड्राईभिङ्ग सेन्टर नयाँ दर्ता बापत रू    १४०००/-

**जम्मा    ६३०००/-**

## यातायात व्यवस्था शाखा

| क्र.सं. | कार्यालयको नाम | ठेगाना | राजश्वको विवरण |  |  | सवारी दर्ताको विवरण |  |  | सवारी चालक अनुमति पत्रको विवरण |  |  |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  | तेस्रो त्रैमासिक चैत्र मसान्तसम्मको | यस महिनाको | जम्मा | तेस्रो त्रैमासिक चैत्र मसान्त सम्मको | यस महिनाको | जम्मा | तेस्रो त्रैमासिक चैत्र मसान्त सम्मको | यस महिनाको | जम्मा |
| १ | यातायात व्यवस्था सेवा कार्यालय | ईलाम | १०१४२५१९७.०० |  | १०१४२५१९७.०० | ७६० |  | ७६० | २९६५ |  | २९६५ |
| २ | यातायात व्यवस्था कार्यालय | झापा | ८२१६४८४०२.०० |  | ८२१६४८४०२.०० | ९९५४ |  | ९९५४ | १३९८४ |  | १३९८४ |
| ३ | यातायात व्यवस्था सेवा कार्यालय | धनकुटा | ५९४८२६०५.०० |  | ५९४८२६०५.०० | ५३२ |  | ५३२ | १९१४ |  | १९१४ |
| ४ | यातायात व्यवस्था कार्यालय, सवारी | सुनसरी | १०५०६४६५५०.०० |  | १०५०६४६५५०.०० | १९००० |  | १९००० |  |  |  |
| ५ | स.चा.अ.प. | सुनसरी | ११०६५५०००.०० |  | ११०६५५०००.०० |  |  |  | १८६०७ |  | १८६०७ |
| ६ | यातायात व्यवस्था सेवा कार्यालय | विराटनगर | ३०१९२४१२६.०० |  | ३०१९२४१२६.०० | १८२६ |  | १८२६ | २३२३९ |  | २३२३९ |
| ७ | यातायात व्यवस्था कार्यालय | रुम्जाटार | २९६१७८१२.०० |  | २९६१७८१२.०० | २५४ |  | २५४ | ७५० |  | ७५० |
| ८ | यातायात व्यवस्था कार्यालय | उदयपुर | ८७६२९२१७.०० |  | ८७६२९२१७.०० | १४२२ |  | १४२२ | १८२७ |  | १८२७ |
|  |  | कूल जम्मा | २५६३०२८९०९.०० | ०.०० | २५६३०२८९०९.०० |  |  | ३३७४८ |  |  | ६३२८६ |
|  | प्रशिक्षण केन्द्र नवीकरण वापतको राजश्व संकलन |  |  | २५६०००.०० |  |  |  |  |  |  |  |
|  | कारखाना र वर्कशप नवीकरण वापतको राजश्व संकलन |  |  | ७०००.०० |  |  |  |  |  |  |  |

## थप कार्यहरु

- एकीकृत भन्सार जाँच चौकीबाट भारतीय सवारी साधनहरुलाई पटके इजाजत प्रदान गरी हरियो स्टीकर वितरण गरिएको।
- अस्थायि सवारी चालक अनुमति पत्रको कार्ड प्रयोगात्मक परिक्षामा सफल भएकै दिन वितरण गर्ने व्यवस्था गरिएको।

- सबै यातायात व्यवस्था कार्यालयहरुमा हेल्पडेस्क स्थापना गरिएको।

## शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा

### विपद् व्यवस्थापन शाखा

१. विपद खोज उद्धार सम्बन्धी तालिम प्रदान गरी प्रहरी जवान तथा अधिकृत कर्मचारीहरूको क्षमता विकास गर्न कोशी प्रदेश प्रहरी कार्यालयसँग सम्झौता भई कार्यान्वय भइरहेको।
२. विपद खोज उद्धार सम्बन्धी तालिम प्रदान गरी सशस्त्र प्रहरी जवान तथा अधिकृत कर्मचारीहरूको क्षमता विकास गर्न सशस्त्र प्रहरी बल नेपाल, पाथीभारा तालिम शिक्षालय झापासँग सम्झौता भई कार्यान्वय भइरहेको।
३. प्रकोप जोखिम क्षेत्रहरूको नक्साङ्कन तथा विपद पार्श्वचित्र निर्माणका क्रममा तयार भएको प्रारम्भिक प्रतिवेदन माथी राय सुझाव लिनका लागि कोशी प्रदेशका सबै जिल्लामा जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
४. विपद्बाट प्रभावित २३ जना व्यक्ति/परिवारहरूलाई क्षति मूल्याङ्कनका आधारमा राहत स्वरूप रू ८ लाख ६० हजार रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत उपलब्ध गराइएको।
५. प्रदेश सरकारको ३०% लागत साझेदारी अनुसारको मनसुनजन्य/आगलागीजन्य विपद्बाट प्रभावित भई लाभग्राही कायम भएका सोलुखुम्बु जिल्लाका ५ लाभग्राही र खोटाङ जिल्लाका १० लाभग्राही गरी जम्मा १५ व्यक्ति/परिवारहरूको निजी आवास पुनर्निर्माणका लागि रू ५ लाख २५ हजार रकम निकासा गरिएको।
६. विपद् व्यवस्थापन कार्यकारी समितिको १ वटा बैठक सम्पन्न भएको।
७. विपद खोज तथा उद्धार कार्यका लागि आवश्यक सामग्री/उपकरण खरिदको कार्य अगाडि बढेको।
८. विपद प्रभावित परिवारलाई देहाय बमोजिमको राहत सामग्री वितरण गरिएको:-
    - विराटनगर महानगरपालिका वडा न-१८ का चिसोबाट प्रभावित १०० परिवारलाई १०० थान ब्ल्याङकेट वितरण गरिएको।
    - खोटाङ जिल्ला अन्तर्गतको हलेसी तुवाचुङ न.पा. वडा नं. ७ स्थित हलेसी बजारमा भएको आगलागीबाट ८ प्रभावित परिवारलाई राहत सामग्री ( ८ थान ब्ल्याङ्केट-, १० थान त्रिपाल, ८ बोरा चामल, १६ केजी दाल, ८ लिटर तेल र ८ प्याकेट नुन )वितरण गरिएको।

- धनपालधान गाउँपालिका अन्तर्गत आगलागीबाट प्रभावित १५ परिवारलाई राहत सामग्री ( ३० थान ब्ल्याङ्केट-, १५ थान त्रिपाल, १५ बोरा चामल, ३० केजी दाल, ३० लिटर तेल र १५ प्याकेट नुन ) वितरण गरिएको।

## प्रहरी प्रशासन तथा अनुसन्धान शाखा

| सि नं | विवरण | सम्झौता मिति | रकम | हालसम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुरक्षित सीमा सुरक्षित जीवन कार्यक्रम अन्तर्गत सशस्त्र प्रहरी बल नेपाल १ न बराह बाहिनी मुख्यालय सुनसरीसंग | २०८१।१२।१४ | १५,००,०००।- | कार्यान्वयनको चरणमा रहेको । | |
| २ | लागुपदार्थ दुर्व्यसनी विरुद्धको सचेतना अभियानमा FAN CLUB को परिचालन सम्बन्धी कार्यक्रम कोशी प्रदेश कार्यालय विराटनगरसंग | २०८१।११।२२ | ४४०००००।- | विभिन्न स्थानमा संचालन गर्ने गरि सम्झौता भएकोमा केही सचेतना कार्यक्रम भईसकेको र केही हुने क्रममा रहेको। | |
| ३ | प्रदेश स्काउट कार्यालय, कोशी प्रदेश, विराटनगरसँग दुर्व्यशनी विरुद्ध सचेतना कार्यक्रम | २०८१।१२।२९ | ८९३३००।- | स्थानीय तहमा रहेका ५० वटा वडामा समुदायस्तरमा जनप्रतिनिधी, प्रहरी, शिक्षक, क्लब लगायत विभिन्न संस्थाका प्रतिनिधीहरुलाई अभिमुखीकरण तालिम भइरहेको। | |

## शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन महाशाखा

| सि नं | विवरण | सम्झौता मिति | रकम | हालसम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश सुरक्षा समन्वय समितिको बैठक | २०८१।१०।११ | | समग्र प्रदेशभित्र सुरक्षा अवस्था बारे छरफल गरि सुरक्षा अवस्था सन्तोषजनक रहेको विश्लेषण | |
| २ | प्रदेश सुरक्षा समन्वय समितिको बैठक | २०८१।१२।०४ | | सुरक्षा अवस्था बारे छलफल साथै केवकार विरोधी समुह तथा मुकुलुङ्ग संघर्स समितिको माग सम्बन्धमा छलफल । | |
| ३ | प्रदेश सुरक्षा समन्वय समितिको बैठक | २०८१।१२।१६ | | प्रदेश शान्ति सुरक्षा तथा विपद्जन्य घटनालाई यथाशीघ्र नियन्त्रण गर्न आफुसंग भएको साधन श्रोत तथा जनशक्तिलाई परिचालन गर्न जिल्ला सुरक्षा समितिलाई निर्देशन । | |

## कानून तथा प्रदेश सभा मामिला महाशाखा

### कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा/प्रदेश सभा मामिला तथा कानून प्रकाशन शाखा

**सहमति सम्बन्धमा (माघ, फाल्गुण चैत्र)**

| क्र.स. | राय सहमति माग गर्ने मन्त्रालय तथा मिति | मस्यौदा | सहमति प्रदान मिति |
|---|---|---|---|
| १) | आर्थिक मामिला तथा योजना मन्त्रालय मिति २०८१।१२।२२ | योगदानमूलक निवृत्तभरण अध्यादेश, २०८१ | २०८२।०१।०४ |
| २) | मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय मिति २०८१।१२।७ | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) नियमावली | २०८२।०१।०७ |
| ३) | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय मिति २०८१।१२।१७ | विद्युतीय सवारी साधन तथा सौर्य ऊर्जामा प्रयोग हुने ब्याट्री उद्योगहरुलाई प्रोत्साहन प्रदान गर्ने कार्यविधि, २०८१ | २०८२।०१।०७ |
| ४) | आर्थिक मामिला तथा योजना मन्त्रालय मिति २०८१।११।२२ | कोशी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ | २०८१।१२।०७ |
| ५) | उद्योग, कृषि तथा सहकारी मन्त्रालय मिति २०८१।०९।२५ | स्टार्ट अपलाई प्रविधि अवलम्बन सहयोग (ब्याज अनुदान) कार्यक्रम सञ्चालन कार्यविधि | २०८१।११।२३ |

| | | | |
|---|---|---|---|
| ६) | मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय<br>मिति २०८१।११।०८ | कोशी प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८१ | २०८१।११।१२ |
| ७) | नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>मिति २०८१।१०।२० | राष्ट्रिय यातायात नीति, २०८१<br><br>सवारी तथा यातायातको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१<br><br>सार्वाजनिक सडक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१<br><br>राष्ट्रिय सडक सुरक्षा नीति, २०८१<br><br>सडक सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ | |
| ८) | सामाजिक विकास मन्त्रालय<br>मिति २०८१।१०।०६ | सामाजिक विकास संस्था ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०८१।१०।२३ |
| ९) | स्वास्थ्य मन्त्रालय<br>मिति २०८१।०८।१० | प्रदेश स्वास्थ्य बीमा संयोजन समिति संचालन कार्यविधि, २०८१ | २०८१।१०।२५ |
| १० | स्वास्थ्य मन्त्रालय<br>मिति २०८१।०९।०५ | प्रदेश जनस्वास्थ्य नियमावली, २०८१ | २०८१।१०।२५ |
| ११ | आर्थिक मामिला तथा योजना मन्त्रालय,<br>मिति २०८१।१०।०४ | सार्वजनिक खरिद (दोस्रो संशोधन) नियमावली, २०८१ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०८१ | २०८१।१०।१३ |

**<u>राजपत्र प्रकाशन</u>**

१. राजपत्रमा प्रकाशनका लागि प्राप्त भएका विभिन्न १८ वटा सूचनाहरुको सम्पादन गरी करीब ५०० प्रति ती सूचनाहरुको राजपत्र प्रकाशन तथा वितरण गरिएको ।

**<u>मन्त्रालयको कानून तर्जुमा</u>**

१. कोशी प्रदेश आमसंचार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा दर्ता गरिएको ।
२. केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेशको प्रतिस्थापन विधेयक प्रदेश सभामा दर्ता गरिएको ।
३. भूमि व्यवस्थापन सम्बन्धी विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति लिने प्रयोजनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको ।

४. कोशी प्रदेश तथा स्थानीय तह बिच समन्वय तथा विवाद समाधान सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक मस्यौदा हुदै गरेको ।

## ७. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि :

यसमन्त्रालयबाट प्रदान गरिने सेवामा कुनै दस्तुर लाग्ने छैन।

## ८. निर्णय गर्ने प्रकृया र अधिकारी :

मन्त्रालयमा रहेका शाखाहरुको शाखा अधिकृत (सातौं/आठौं) तहले शुरु टिप्पणी उठान गरी आफूभन्दा माथिको महाशाखा प्रमुख (उपसचिव) समक्ष पेश गर्ने र उपसचिवले राय प्रतिकृयासहित मन्त्रालयको सचिव समक्ष पेश गर्नुपर्नेछ। मन्त्रालयको सचिवबाट सदर हुने हकमा सचिवबाट टिप्पणी आदेश सदर हुने र माननीय मन्त्रीज्यूबाट सदर हुने टिप्पणी आदेश प्रदेश सचिवको रायसहित माननीय मन्त्रीज्यूसमक्ष सदरका लागि पेश गरिने छ। नीतिगत निर्णयहरुको हकमा प्रदेश मन्त्रीपरिषदबाट निर्णय हुने गरेको छ ।

## ९. मन्त्रालय प्रमुख र सूचना अधिकारीको नाम थर र पदः-

**क) मन्त्रालयका प्रमुखः-** श्री राम प्रसाद आचार्य
पदः प्रदेश सचिव
सम्पर्क नं. : ९८५२०७००४५

**ख) प्रवक्ता :-** श्री कमल बहादुर थापा
पदः उपसचिव
सम्पर्क नं. : ९८४१२९२४७२

**घ) गुनासो सुन्ने अधिकारीः-** श्री भोजराज दाहाल
पदः उपसचिव (कानून)
सम्पर्क नं. : ९८४१६६७०६८

**ग) सूचना अधिकारी :-** सुभाष कार्की
पदः- वरिष्ठ शाखा अधिकृत
सम्पर्क न. : ९८४२१६१७४२

## १०. यस मन्त्रालयको

**Website:** moial.koshi.gov.np

**Email:** info.moial@koshi.gov.np